मष्टा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: २ संख्या: ७ मिति: २०८१/०२/१४

भाग-२

## मष्टा गाउँपालिका

***लैंङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०८१***

**प्रस्तावनाः**

लैङ्गिक हिंसामा परेका पिडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता ज३न्य अपराधलाई दण्डनिय बनाई प्रभावितहरुलाई क्षतिपूर्ति दिलाउने साथै स्वास्थ्य, शिक्षा, रोजगरी र सामाजिक सुरक्षाको अवसर दिलाई लैंगिक समानता कायम गर्न सहयोग पुग्ने उद्देश्यले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा१०२ को उपदफा २ र लैङ्गिक हिंसा निवारण कोष (दोस्रो संशोधन) नियमावलि २०७६ को मूलनियमावलिको नियम ३ ख ले दिएको अधिकार प्रयोग गरी मष्टा गाँउपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१).यस कार्यविधिको नाम लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०८१ मष्टा गाँउपालिका" रहेको छ ।

(२)यो कार्यविधि गाँउपालिकाले पारित गरेपछि लागू हुनेछ ।

२.परिभाषाःविषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यालय" भन्नाले मष्टा गाँउपालिका कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैंङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

(ग) "पीडित" भन्नाले लैंगिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले नियम ७ बमोजिमको स्थानिय तत्काल उद्धार तथा रतहत समिति सम्झनुपर्छ ।

(ङ) "लैंङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दव्यर्वहार सामाजिक कसरीतिजन्य व्यवहारलगायत लैंङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्छ ।

(च) "नियमावली" भन्नाले लैंङ्गिक हिंसा निवारण कोष सञ्चालन २०६७ र लैंङ्गिक हिंसा निवारण कोष संचालन( दोर्सो संशोधन )२०७६ सम्झनुपर्छ ।

(छ "कार्यविधि" भन्नाले मष्टा गाँउपालिकाले जारी गरेको लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि २०८१ सम्झनुपर्छ

## परिच्छेद २

## कोषको स्थापना उपयोग सञचालन तथा व्यवस्थापन

(१).लैंङ्गिक हिसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) गाँउपालिकाले कोष परिचालनका लागि छुट्याइएको रकम,

(घ) विदेशी व्यक्ति अन्तराष्ट्यि संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(३) उपदफा १ बमोजिमको रकम गाँउपादिकाले कुनै वाणिज्य बैंकमा खाता खोलि जम्मा गर्नेछ ।

(४) कोषको खाताको सञ्चालन गाँउपालिकाको नियम बमोजिम हुनेछ ।

४.कोषमा रकम जम्मा गर्ने:

महिला हकहितको क्षेत्रमा गाँउपालिकाको क्षेत्रभित्र कार्यरत अन्तराष्ट्यि गैरसरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको गाँउपालिकाले तोकेबमोजिमको प्रतिशत बराबरकव रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

५.कोषको उपयोग:

(१)कोषकव रकम देहायको कामको लागी पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधि उपचार गर्न ,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन ,

(घ) कानूनी सहायता मनोवैज्ञानीक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागी व्यवसाय स्थापना खर्च रकम अनुदान बीउ पुजी को रुपमा प्रदान गर्न

(च) पीडितलाई पुनर्स्थापना गराउन

(छ) गाँउपालसका विपक्षी भएको लैंङ्गिक हिंसा यौनजन्य दुव्यवहारको कसुरबाट पिडितले प्रचलित कानुन बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्रप्त गर्न सक्ने नदेखिई अदालतको आदेश बमोजिमको रकम पिडितलाई क्षतिपूर्ति स्वरुप भराउन ।

(ज) पीडितको लागी समितिले तोके बमोजिमको अनेय कार्यमा

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुव्यर्सनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः

(१) कोषको रकम नियम ५ मा लखिउ बमोजिम बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने ५छैन ।

७.स्थानिय तहमा तत्काल उद्धार तथा राहत समितिको गटनः

(१) लैंगिक हिंसा निवारण कोष संचालन (दोर्सो संसोधन) नियमावली २०७६ नियम २ को उपनियम २ खण्ड ग १ वमोजिम कोषको संचालन तथा व्यवस्थापन गर्ने कामकाजका गागि एक स्थानिय तत्काल उद्धार तथा राहात समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ।

(क) न्यायिक समिति संयोजक - संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत — सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख — सदस्य

()घ प्रहरी चौकी प्रमुख — सदस्य

(ङ) लैगिंक हिंसा निवारणको क्षेत्रमा कार्यरत गै स स मध्यबाट स्थानीय तत्काल उद्धार तथा राहात समितिले तोकेको प्रतिनिधि १ जना — सदस्य

(च) जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि — सदस्य

(छ) एकद्धार संकट व्यवस्थापन केन्द्रका प्रतिनिधि — सदस्य

(ज) महिला तथा बालबालिका शाखा प्रमुख — सदस्य

(झ) कानुन तथा न्याय शाखा प्रमुख — सदस्य सचिव

८. समितिको काम कर्तव्य स्थानिय तत्काल उद्धार तथा राहात समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क) पीडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउने।

ख) राहात तथा आर्थिक सहयोग सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने ।

ग) लैंगिक हिंसा हुन नदिनका लागि स्थानिय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।घ) स्थानिय स्तरमा लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था तथा निकायकरुबीच समन्य्वय गर्ने ।

ङ) स्थानिय स्तरमा लैंगिक हिंसामा परेका महिला किहोरी तथा वालबालिकाको तत्काल उद्धार तथा संरक्षण गर्ने ।

च) गाँउपालिका क्षेत्रभित्र घटेका लैङ्गिक हिंसा सम्बन्धि घटनाको अभिलेख अद्यावधिक गर्ने ।

छ) कोष वृद्धिका लागि श्रोतको खोजी गर्ने ।

ज) लैङ्गिक हिंसा निवारण सम्वन्धि अन्य काम गर्ने वा गराउने ।

९. समितिको बैठक

१. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२. समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

३. समितिको बैठक बस्नुभन्दा कम्तिमा २४ घण्टा अगाडि समितिका सदस्य सचसवले बैठकमा छलफल हुने गरी कार्यसुची सहितको सुचना सबै सदस्यलाई दिनु पर्नेछ ।

४. समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

६. समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

७.समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

८ .समितिको बैठक सम्बन्धि अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१० .कोषमा रकम उपलब्ध गराउने:

पीडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि गाँउपालिकाले कोषको नाँममा रकम निकासा गरिदिनेछ।

परिच्छेद ३

वित्तिय व्वस्थापन

११. राहात तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी गराईनेछः

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम खाना खर्च वापत प्रतिदिन तीनसय रुपैया र बास बस्नु पर्ने भए सो वापत छुट्टैरकम दिनु पर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ

(ख) पीडितलाई अस्पतालका भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा एकद्धार संकट व्यस्थापन केन्द्र OCMC संग समन्वय गरी लाग्ने भाडा रकम खाना खर्च वापत प्रतिदिन तीनसय रुपैंया अस्पतालमा बस्ने व्यस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन पाँचसय रुपैयाँमा र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैयामा नवढ्ने गरी लागेको यथार्थ उपचार खर्च । पीडितसँग आश्रित बालबालिका भए बालबालिकाका लागि पनि सोहि दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ (ग) कानुनी सहायता मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यत्र प्रेषण गर्नु परेमा पाँच हजार रुपैंयामा नबढ्ने गरी लागेको यथार्थ खर्च

(घ) कुनै व्यवसाय गर्नको लागि बीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया

(ङ) पुर्नस्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ सम्म दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा

समितिले त्यस्ता पीडितलाई थप दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहपर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहात तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

१२. राहात तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः

(१) यस कार्यविधि बमोजिम राहात तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यत्तिले राहात तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसुचि (१) वमोजिमको ढँचामा समितिमा निवेदन दिनसपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपरसमितिले जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा समितिले दफा ११ को अधीनमा रही पीडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१३. तत्काल रकम उपलब्ध गराउन सक्नेः

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार औषधि उपचार पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानविय क्षति हुने देखिएमा समितिको संयोजकले सो प्रयोजनका लागिकोषबाट पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम सम्बन्धित पिडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईएपछि बस्ने समितिको बैठकबाट सो बिषयको अनुमोदन गराउनु पर्नेछ ।

१४. थप रकम निकासा माग गर्न सक्नेः

(१) समितिको नाममा निकासा भएको रकम अपर्याप्त भएमा समितिले सो को कारण खुलाई गाँउपालिकासँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) वमोजिमको थप रकम माग भई आएमा नगरपालिकाले समितिको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ ।

(३) लैङ्गिक हिंसा पसडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहात प्रदान गर्दा कोषमा भएको रकम भन्दा बढी खर्च भएमा मनासिव कारण र प्रमाण खुलाई केन्द्रिय तत्काल उद्धार तथा राहत समितिमा थप खर्च भएको रकम माग गर्न सक्नेछ

## परिच्छेद ४

## विविध

१५. छुट्टै खाता खोल्नु पर्नेः

स्थानिय तहले समितिबाट प्राप्त भएको रकम कार्यालयको नाममा कुनै वाणिज्य बैकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

१६. कोषको लेखा र लेखा परीक्षणः

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१७. प्रतिवेदन पेश गर्नेः

(१) समितिले प्रत्येक चौमासिक तथा वार्षिक रुपमा सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिवेदन गाँउपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कारवाहिको प्रतिवेदन गाँउपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१८.बैठक भत्ताः

समितिका संयोजक वा सदस्यले सोसमितिको बैठकमा भाग लिए वापत गाँउपालिकाले तोकिए वमोजिमको बैठक भत्ता वापत पाउनेछन् ।

१९. निर्देशन दिन सक्नेः

(१) गाँउपालिकाले समितिको काम कारबाहिको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

अनुसुची
नियम १४ को उपनियम १ सँग सम्बन्धित

विषय सहयोग उपलब्ध गराई पाँउ।

श्री संयोजक ज्यू

स्थानिय तत्काल उद्धार तथा राहात समिति ..........................................................।

म ..................................................मा बस्ने वर्ष ..................... को ....................................मिति ...........................................मा लङ्गिक हिंसाबाट पिडित भएको छु ।मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । उपर लैङ्गिक हिंसा ..................................................भएको कारणले मेरो मनासिव /शारीरिक/ सामाजिक अवस्था कमजोर भई अशक्त अबस्थामा रहेको हुनाले मलाई औषधि उपचार /कानुनी सहायता परामर्श / उद्धार मनोविमर्श / स्वरोजगार / पुनस्थापना / अन्य .....................................................कामको लागि सहयोगको आवश्यकता परेको हुंदा स्थानिय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको —

नाम थर.........................................

ठेगाना..............................................

दस्तखत.............................................

मिति...................................................

**प्रमाणिकरण मिति २०८१।०२।१४**

**आज्ञाले**
**रमेश कुमार खड्का**
**नि.प्रमुख प्रशासकिय अधिकृत**